# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट

बागमती प्रदेश, नेपाल ।

मिति : २०७७०७१३

अत्यन्त जरुरी सूचना !

यस नगरपालिकामा कोरोना भाइरस कोभिड – १९ बढ्दै गएको वर्तमान अवस्थामा वडा नं. ७ स्थित रातमाटेमा मिति २०७७/०७/१२ मा लिइएको १९ जनाको स्वाब मध्य हालै (मिति २०७७/०७/१३ को प्राप्त PCR रिपोर्ट अनुसार) थप १६ जनामा कोरोना संक्रमण देखा परेको र संक्रमण अझ फैलिन सक्ने हुँदा सो वडा उच्च जोखिममा रहेको व्यहोरा अवगत गराउंदै उक्त वडामा मिति २०७७ कार्तिक १३ गते बेलुका ७:०० बजेदेखि थप ७ दिनसम्मका लागि देहायका कार्यहरु गर्न/ गराउन रोक लगाउने गरी यो सूचना जारी गरिएको व्यहोरा अनुरोध छ। यसको वर्खिलाप भए गरेको पाइएमा कानून वमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ। साथै वडा नं. ७ आसपासका क्षेत्रहरुमा समेत उच्च सावधानी र सतर्कता अपनाउन अनुरोध गरिन्छ।

७ नं. वडा क्षेत्रभित्र देहायका कार्यहरु गर्न / गराउन रोक लगाइएको छ :

१. औषधी उपचार, खाद्य वस्तु खरिद, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने जस्ता आवश्यक काममा वाहेक कुनै पनि व्यक्ति घर वाहिर निस्कन।
२. एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र अनुमती प्राप्त सवारी साधन वाहेक कुनै प्रकारका सार्वजनिक वा निजि यात्रु तथा मालवाहक सवारी साधन (मोटरसाइकल समेत) संचालन गर्न।
३. अत्यावश्यक उपभोग्य वस्तु विक्री गर्ने खाद्यान्न पसल र औषधि पसल वाहेक सम्पूर्ण पसल, उद्योग व्यवसाय संचालन गर्न। तर खाद्यान्न पसल विहान ६:०० बजेदेखि १०:०० वजेसम्म मात्र खोल्न पाइने।
४. धार्मिक सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरु संचालन गर्न।
५. बालबालिका, अशक्त विरामी, जेष्ठ नागरिक, गर्भवती महिलाहरुलाई अत्यावश्यक कार्य वाहेक घर वाहिर निस्कन तथा हिंड्डुल गर्न।
६. अत्यावश्यक सेवाका कार्यालय वाहेक सबै सरकारी, निजि तथा गैरसरकारी क्षेत्रका कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुबाट हुँदै आएका नियमित सेवा संचालन गर्न।
७. तारकेश्वर गाउँपालिका र विदुर नगरपालिकाबाट ७ नं. वडा संग सिमाना जोडिएका क्षेत्रहुँदै आवत जावत गर्न।

पुनश्च : वडा नं. ७ स्थित महादेवफाँट, रातमाटे लगायतका बजार क्षेत्रहरुमा माथि उल्लेख भए वमोजिम कार्यहरुको पालना नभएको भन्ने पाइएकोले सम्पूर्ण रोक लगाइएका कार्यहरुलाई पूर्ण रुपले पालना गर्न सूचित गराइन्छ अन्यथा कानून वमोजिम कार्य अगाडी बढाइने व्यहोरा अनुरोध छ। गल्छी - त्रिशुली सडकखण्ड प्रयोग गरी जिल्ला वाहिर जाने र जिल्ला भित्र प्रवेश गर्ने सवारी साधनलाई रोक नलगाइएता पनि यस नगरपालिकाको कोरोना भाइरस कोभिड १९ बाट उच्च जोखिम रहेको वडा नं. ७ र आसपासका क्षेत्र भित्र त्यस्ता आवत जावत गर्ने सवारी साधन रोकी भिडभाड नगर्न र जारी विकास निर्माण कार्यहरु गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरेर मात्र अगाडी बढाउन जानकारी गराइन्छ।

..............................

राजेन्द्र रमण खनाल

प्रमुख